वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १६३ | २०८३ असोज ३१ गते शनिबार, नेपाल सम्वत् ११४६ October 17, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



दशैंमा २४ पिर्के रोहोटे पिङ्ग

लमजुङको मध्यनेपाल नगरपालिका वडा नं. १० हाँडिखोला बर्धानमा दशै तिहार पर्वलाई लक्षित गरी निर्माण गरिएको २४ पिर्के रोहोटे पिङ्ग। दशैको फूलपातीका दिन उद्घाटन गरी पिङ्ग खेल्नका लागि खुल्ला गरिने भएको छ ।

तस्विर : सुरज गुरूङ/भञ्ज्याङ

बाढीले घिरिङमा खानेपानी र सिंचाइका १९ आयोजना प्रभावित

मुहानदेखि नहरसम्म क्षति, पुनर्निर्माणका लागि प्रदेश र स्थानीय तहमा सिफारिस

भञ्ज्याङ समाचारदाता/तनहुँ

गत असोज दोस्रो साताको अविरल वर्षापछि आएको बाढीपहिरोले तनहुँको घिरिङ गाउँपालिकामा खानेपानी र सिँचाइ सेवा प्रभावित बनाएको छ। बाढीपहिरोका कारण खानेपानीका मुहान, पाइपलाइन, विद्युतीय उपकरण र ट्याङ्कीदेखि खेतमा पानी पुऱ्याउने बाँध, कुलो तथा नहरसम्म क्षति पुगेको छ। यसबाट स्थानीय बासिन्दालाई स्वच्छ खानेपानीको व्यवस्था गर्न र खेतीयोग्य जमिनमा सिँचाइ पुऱ्याउन समस्या भएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार घिरिङमा खानेपानीतर्फ १० र सिँचाइतर्फ नौ गरी १९ वटा आयोजनामा आंशिक क्षति पुगेको छ। क्षतिग्रस्त संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि सम्बन्धित प्रदेश मन्त्रालय, प्राविधिक कार्यालय र गाउँपालिकामा सिफारिस गरिएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिए ।

गत असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि आएको बाढीपहिरोले खानेपानी आयोजनाका विभिन्न संरचनामा फरक-फरक प्रकृतिको क्षति पुऱ्याएको छ । कतै पानीको स्रोत नै पहिरोले पुरिएको छ भने कतै पाइपलाइन बगेका छन् । विद्युतीय उपकरण बिग्रिँदा पानी तान्ने र वितरण गर्ने प्रणालीसमेत प्रभावित भएको छ ।

घिरिङ-१ पुट्टारस्थित ढाव खानेपानी आयोजनाको कपरवायर एक सय मिटर र १२ वटा स्ट्यान्ड बाढीले बगाएको छ । घिरिङ-४ को देउतीखोला खानेपानी आयोजनामा सामुदायिक विद्युतीकरणअन्तर्गतको ट्रान्सफर्मर जलेको छ। सोही वडाको गड्यौलीटारस्थित झर्राखोला आयोजनाको मोटर र मिटरमा क्षति पुगेको छ।

घिरिङ-३ वाकथोकस्थित चाँपादी खानेपानी आयोजनाको मुहान पहिरोले पुरिएको छ । नयाँटारस्थित सुनौली खानेपानी आयोजनामा जमिन भासिने समस्या देखिएको छ भने घिरिङ-४ जिताकोटस्थित घिमिरे पँधेरी आयोजनाको ट्याङ्कीमा क्षति पुगेको छ। घिरिङ-२ को भदौरे खानेपानी आयोजनाको एमसिबी बिग्रिएको छ।

त्यसैगरी, घिरिङ-५ स्थित भकर्दी खानेपानी आयोजनाको पाइप बाढीले बगाएको छ । सोही वडाको अलैँचे आयोजनाका पिल्लरका टेका बगेका छन् भने गाउँपानी खानेपानी आयोजनाको मुहानमा क्षति पुगेको छ । यी संरचना मर्मत नगरेसम्म नियमित खानेपानी आपूर्तिमा कठिनाइ हुने देखिएको छ ।

सिँचाइ संरचनामा पनि क्षति

खानेपानीसँगै कृषि उत्पादनका लागि महत्त्वपूर्ण सिँचाइ संरचनासमेत बाढीपहिरोको चपेटामा परेका छन्। खेतबारीमा पानी पुऱ्याउन प्रयोग हुँदै आएका बाँध, कुलो, पाइप र नहरमा क्षति पुगेपछि सिँचाइ प्रणाली पुनः सञ्चालन गर्नुपर्ने अवस्था आएको छ ।

घिरिङ-३ स्थित रोहिणी सिँचाइ आयोजनाको बाँध बाढीले बगाएको छ भने सोही वडाको बँधघट्ट सिँचाइ बाँधमा पनि क्षति पुगेको छ। घिरिङ-१ को गड्यौलीटार कुलोमा बाढी पसेर मुहान बगाएको छ। अत्रौली-पुट्टार सिँचाइ आयोजना पनि प्रभावित भएको छ ।

घिरिङ-४ स्थित वान्टाङ खोला बाँध तथा कुलोमा क्षति पुगेको छ । घिरिङ-५ को वीरखोला सिँचाइ आयोजनाको पाइप बिग्रिएको छ । घिरिङ-३ स्थित गोफाखोला सिँचाइ बाँधमा क्षति पुगेको छ भने सोही वडाको नयाँटार सिँचाइ नहर पहिरोले जगैदेखि बगाएको छ । पार्दीकुलो सिँचाइ आयोजनाको पाइपमा समेत क्षति पुगेको छ ।

क्षतिग्रस्त सिँचाइ संरचनाको पुनर्निर्माण तथा मर्मतका लागि गण्डकी प्रदेशको सम्बन्धित मन्त्रालय, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय दमौली र घिरिङ गाउँपालिकामा सिफारिस गरिएको प्रमुख जिल्ला अधिकारी तिवारीले बताए ।

पुनर्निर्माणमा समन्वयको आवश्यकता

बाढीपहिरोले खानेपानी र सिँचाइका संरचनामा क्षति पुऱ्याएपछि प्रभावित बस्तीमा सेवा नियमित गर्न र खेतीयोग्य जमिनमा पानी पुऱ्याउने व्यवस्था मिलाउन चुनौती थपिएको छ। खानेपानीका मुहान र वितरण प्रणाली मर्मत गर्नुपर्ने अवस्था छ भने सिँचाइका बाँध तथा नहर पुनर्निर्माण नगरेसम्म खेतमा पानी पुऱ्याउन कठिन हुने देखिएको छ।

घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले खानेपानीका

बाँकी दोश्रो पेजमा

तनहुँ जलविद्युत् आयोजनाको प्रगति ७८.५ प्रतिशत

भञ्ज्याङ समाचारदाता/तनहुँ

१४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको समग्र भौतिक प्रगति ७८.५ प्रतिशत पुगेको छ। व्यास नगरपालिका र ऋषिङ गाउँपालिकाको सीमामा सेती नदीमा निर्माणाधीन आयोजनाका मुख्य संरचनाको काम अन्तिम चरणतर्फ अघि बढेको छ। आयोजना व्यवस्थापनले निर्माणलाई तीव्रता दिँदै निर्धारित समयमै विद्युत् उत्पादन सुरू गर्ने लक्ष्य राखेको छ।

आयोजनाका प्रबन्ध सञ्चालक छविलाल गैह्रेले तीनवटै प्याकेज अन्तर्गतका निर्माण कार्य कार्यतालिका अनुसार अघि बढिरहेको बताए। प्रभावित क्षेत्रका बासिन्दा तथा सरोकारवालासँगको समन्वयले जटिल कामसमेत समयमै सम्पन्न गर्न सहयोग पुगेको उनको भनाइ छ ।

आयोजना तीनवटा प्याकेजमा विभाजन गरी निर्माण भइरहेको छ। पहिलो प्याकेजअन्तर्गत बाँध तथा हेडवर्क्स निर्माणको प्रगति ६४ प्रतिशत पुगेको छ। सोङ्दा-कालिका जेभीले निर्माण गरिरहेको यस प्याकेजमा मुख्य बाँध निर्माणका लागि सेती नदीको धार फर्काउने, डाइभर्सन सुरूङ र अस्थायी बाँध (कफर ड्याम) निर्माणको काम सम्पन्न भइसकेको छ ।

गत चैत ७ गतेदेखि सुरू गरिएको मुख्य बाँधको कङ्क्रिट ढलानअन्तर्गत हालसम्म पाँच लाख ३३ हजार आठ सय पाँच घनमिटर काम सम्पन्न भएको आयोजनाले जनाएको छ। बाँधको जग सुदृढीकरण, ग्राउटिङ ग्यालरीमा ड्रिलिङ तथा परीक्षणका काम पनि जारी छन् ।

दोस्रो प्याकेजअन्तर्गत भूमिगत विद्युत्गृह, सुरूङ तथा उपकरण जडानको समग्र प्रगति ७९.५ प्रतिशत पुगेको छ। चिनियाँ कम्पनी सिनो हाइड्रो कर्पोरेसनले निर्माण गरिरहेको यस प्याकेजमा भूमिगत विद्युत्गृह, सुरूङ र इन्टेक संरचनाको सिभिल निर्माण कार्य लगभग सम्पन्न भएको छ ।

आयोजना प्रमुख श्यामजी भण्डारीका अनुसार भूमिगत संरचनाको खन्ने तथा सिभिल निर्माणको काम अन्तिम चरणमा पुगेको छ । अहिले मुख्य सुरूङको भित्री ढलान र विद्युतगृहमा आवश्यक उपकरण जडानलाई प्राथमिकता दिइएको छ। 'मुख्य सुरूङको ढलान लाइनिङ कार्य अन्तिम चरणमा पुगेको छ भने विद्युत्गृहमा रहने जेनेरेटर, ट्रान्सफर्मरलगायत विद्युतीय तथा यान्त्रिक उपकरण जडानको काम भइरहेको छ', भण्डारीले बताए।

आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न निर्माण भइरहेको दमौली-भरतपुर २२० केभी प्रसारण लाइनको प्रगति

बाँकी अन्तिम पेजमा

संरचना होइन, विकासको सोच बदलौं

संघीयताको सार्थकता भवन र सडकको संख्याले होइन, नागरिकको जीवनमा आएको परिवर्तनले मापन हुनुपर्छ। त्यसका लागि जनप्रतिनिधिले बजेट खर्च गर्ने प्रवृत्तिभन्दा परिणाममुखी योजना र स्थानीय सम्भावनामा आधारित विकासलाई प्राथमिकता दिनुपर्छ ।

नेपालमा संघीय शासन व्यवस्था लागू गर्नुको प्रमुख उद्देश्य राज्यको सेवा, सुविधा र विकासलाई गाउँबस्तीसम्म पुऱ्याउनु हो । विगतमा राज्यको पहुँचबाट टाढा रहेका नागरिकले आफ्नै ठाउँमा आधारभूत सेवा र विकासका अवसर पाऊन् भन्ने अपेक्षासहित शासन संरचना परिवर्तन गरियो । तर संघीयता कार्यान्वयन भएको झन्डै एक दशक पुग्न लाग्दा पनि सबै क्षेत्रमा अपेक्षित परिवर्तन देखिएको छैन। केही स्थानीय तहले उल्लेखनीय उपलब्धि हासिल गरेका छन् भने कतिपय दुर्गम बस्तीका नागरिक अझै आधारभूत सेवा र अवसरबाट वञ्चित छन् ।

यसले एउटा महत्त्वपूर्ण प्रश्न उठाउँछ- विकासको बाधक संरचना हो कि त्यसलाई सञ्चालन गर्ने सोच, योजना र कार्यशैली ?

संघीयता आफैंमा विकास होइन, विकास हासिल गर्ने माध्यम हो । स्थानीय तहमा कार्यालय स्थापना हुनु, बजेट प्राप्त हुनु र जनप्रतिनिधिले अधिकार पाउनु आफैंमा उपलब्धि होइन । त्यसको सार्थकता नागरिकले सहज स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा, रोजगारीका अवसर र आफ्नो उत्पादनको उचित मूल्य पाउँदा मात्र प्रमाणित हुन्छ। गाउँमै सम्मानजनक जीवनयापन गर्न सक्ने वातावरण निर्माण हुनु नै विकासको वास्तविक उद्देश्य हो ।

तर अझै पनि कतिपय ठाउँमा विकासको परिभाषा सडक खन्ने, भवन बनाउने र मन्दिर निर्माण गर्ने काममा सीमित देखिन्छ । यी संरचना आवश्यक छन्, तर तिनैलाई विकासको पूर्ण उपलब्धि मान्नु गलत हुन्छ। सडक बनेपछि स्थानीय उत्पादनले बजार पायो कि पाएन? भवन निर्माणपछि त्यसको प्रभावकारी उपयोग भयो कि भएन? पर्यटन पूर्वाधारमा लगानी गर्दा स्थानीयले आम्दानी र रोजगारीको अवसर पाए कि पाएनन् ? यस्ता प्रश्नको जवाफले मात्र विकासको वास्तविक अवस्था देखाउँछ ।

विकास भनेको बजेट खर्च गर्नु होइन, खर्चबाट परिणाम निकाल्नु हो । कति बजेट विनियोजन भयो, कति योजना सम्पन्न भए र कति संरचना उद्घाटन गरिए भन्ने विवरणभन्दा ती कामले नागरिकको जीवनमा कस्तो परिवर्तन ल्याए भन्ने विषय महत्त्वपूर्ण हुन्छ । सार्वजनिक स्रोतको सदुपयोगको मूल्याङ्कन निर्माण सम्पन्न भएको प्रमाणपत्रबाट मात्र होइन, त्यसबाट प्राप्त लाभका आधारमा गरिनुपर्छ।

यसका लागि जनप्रतिनिधिमा स्पष्ट दृष्टिकोण, अध्ययनशीलता, इच्छाशक्ति र कार्यान्वयन क्षमता आवश्यक छ । बजेट सीमित हुन सक्छ, तर उपलब्ध स्रोतलाई सही प्राथमिकतामा परिचालन गर्ने सम्भावना सीमित हुँदैन । स्थानीय आवश्यकता पहिचान गरी योजनाबद्ध रूपमा काम गर्न सके थोरै स्रोतबाट पनि उल्लेखनीय उपलब्धि हासिल गर्न सकिन्छ । यसको विपरीत, आवश्यकताको अध्ययनबिनै योजना छनोट गर्ने र तत्काल देखिने संरचनालाई उपलब्धि ठान्ने प्रवृत्तिले बजेट खर्च बढाए पनि जनताको जीवनमा अपेक्षित परिवर्तन ल्याउन सक्दैन ।

प्रत्येक स्थानीय तहको भूगोल, प्राकृतिक स्रोतसाधन, जनसंख्या, आर्थिक अवस्था र सांस्कृतिक पहिचान फरक हुन्छ । त्यसैले सबै ठाउँमा एउटै प्रकृतिका योजना लागू गरेर समान परिणामको अपेक्षा गर्न सकिँदैन । विकास योजना स्थानीय आवश्यकता र सम्भावनामा आधारित हुनुपर्छ।

कृषिको सम्भावना भएका क्षेत्रमा सिँचाइ, उन्नत बीउबिजन, प्राविधिक सहयोग, उत्पादनको भण्डारण र बजारीकरणमा जोड दिनुपर्छ । अनुदान वितरण र तालिम सञ्चालन गरेर मात्र कृषि विकास हुँदैन । किसानले उत्पादन बढाउन, उचित मूल्यमा बिक्री गर्न र कृषिबाट सम्मानजनक आम्दानी गर्न सक्ने अवस्था सिर्जना गर्नु आवश्यक छ ।

प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र मौलिक परम्परा भएका क्षेत्रमा पर्यटन प्रवर्द्धनलाई स्थानीय अर्थतन्त्रसँग जोड्न सकिन्छ। होमस्टे, स्थानीय परिकार, कला, संस्कृति र परम्परागत सीपको संरक्षण तथा प्रवर्द्धनबाट रोजगारी सिर्जना गर्न सकिन्छ । त्यसैगरी, बेरोजगार युवालाई लक्षित सीपमूलक तालिम, उद्यमशीलता र स्वरोजगारका कार्यक्रम सञ्चालन गर्दा तालिम लिनेको संख्या मात्र होइन, उनीहरूले रोजगारी पाए कि पाएनन् वा व्यवसाय सुरू गर्न सके कि सकेनन् भन्ने आधारमा उपलब्धि मापन गर्नुपर्छ ।

यसले विकासलाई कागजी प्रतिवेदन र कार्यक्रमको सूचीबाट नागरिकको वास्तविक जीवनसँग जोड्छ । स्थानीय स्रोतसाधन र पहिचानलाई बेवास्ता गरेर बाहिरबाट आयातित योजनाको नक्कल सक्नुपर्छ ।

पदमा पुग्नु सफलता होइन, पदमा रहँदा जनताका लागि के गर्न सकियो भन्ने कुरा सफलताको आधार हो । कति बजेट ल्याइयो भन्नेभन्दा त्यसबाट कति उपलब्धि हासिल भयो भन्ने प्रश्न महत्त्वपूर्ण छ। कति योजना उद्घाटन गरिए भन्नेभन्दा ती योजनाले कति नागरिकको जीवन सहज बनाए भन्ने विषयले नेतृत्वको कार्यसम्पादन देखाउँछ ।

त्यसैले स्थानीय तहले स्पष्ट अल्पकालीन र दीर्घकालीन विकास लक्ष्य निर्धारण गर्नुपर्छ । आवश्यकता र प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने, योजनाको नियमित अनुगमन गर्ने र सम्पन्न कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने प्रणाली विकास गर्नुपर्छ । अपेक्षित परिणाम हासिल हुन नसके त्यसका कारण पहिचान गरी सुधार गर्नुपर्छ । सार्वजनिक स्रोतबाट सञ्चालन हुने प्रत्येक कार्यक्रमप्रति जनप्रतिनिधि र सम्बन्धित निकाय जवाफदेही हुनुपर्छ ।


विकासका प्राथमिकता निर्धारण गर्दा राजनीतिक आस्था, व्यक्तिगत सम्बन्ध र चुनावी स्वार्थभन्दा माथि उठ्न पनि उत्तिकै आवश्यक छ । आफ्नो कार्यकालमा देखिने संरचना निर्माण गर्ने मोहभन्दा आगामी पुस्ताले लाभ लिन सक्ने आधार तयार गर्ने सोच महत्त्वपूर्ण हुन्छ । तत्काल लोकप्रियता हासिल गर्ने कार्यक्रमले क्षणिक प्रशंसा दिलाउन सक्छ, तर दीर्घकालीन योजना र प्रभावकारी कार्यान्वयनले मात्र समाजको अवस्था बदल्न सक्छ ।

संघीयताको सफलता स्थानीय तहले कति अधिकार प्रयोग गरे वा कति बजेट खर्च गरे भन्नेमा मात्र निर्भर हुँदैन । स्थानीय सरकार नागरिकप्रति कति उत्तरदायी बन्यो, सेवा प्रवाह कति प्रभावकारी भयो र विकासका अवसर कति न्यायोचित रूपमा वितरण भए भन्ने विषयले पनि यसको सफलता निर्धारण गर्छ । त्यसैले संरचनागत परिवर्तनसँगै संस्थागत क्षमता, कार्यसंस्कृति र नेतृत्वको सोचमा परिवर्तन अपरिहार्य छ ।

अब जनप्रतिनिधिले आत्मसमीक्षा गर्नुपर्छ । संघीयता आयो, बजेट आयो र अधिकार प्राप्त भयो भन्दैमा विकासको दायित्व पूरा भएको मान्न मिल्दैन । जनताले सुम्पिएको जिम्मेवारी पूरा गर्न परिणाम देखिनुपर्छ । भाषण, आश्वासन र उद्घाटनका तस्बिरले नागरिकका समस्या समाधान गर्दैनन् । त्यसका लागि प्राथमिकता स्पष्ट हुनुपर्छ, योजना व्यवहारिक हुनुपर्छ र कार्यान्वयन प्रभावकारी हुनुपर्छ ।

अन्ततः विकासको वास्तविक मापन भवन र सडकको संख्या होइन, नागरिकको जीवनस्तरमा आएको सुधार हो । संघीयताको सार्थकता त्यतिबेला स्थापित हुनेछ, जब दुर्गम गाउँका नागरिकले पनि गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, रोजगारी र आर्थिक उन्नतिका अवसर प्राप्त गर्नेछन् । त्यसका लागि संरचनासँगै सोच, बजेटसँगै प्राथमिकता र अधिकारसँगै जिम्मेवारीबोध बदलिनुपर्छ ।

विकास भूगोलले मात्र निर्धारण गर्दैन; उपलब्ध सम्भावना पहिचान गर्ने दृष्टिकोण, त्यसलाई व्यवहारमा उतार्ने योजना र परिणामप्रति जवाफदेही नेतृत्वले पनि निर्धारण गर्छ । त्यसैले अब संरचना थप्ने प्रतिस्पर्धाभन्दा नागरिकको जीवन बदल्ने विकासको प्रतिस्पर्धा आवश्यक छ ।



बाढीले घिरिङमा .....

संरचनामा भएको क्षतिले स्थानीयलाई स्वच्छ पानी उपलब्ध गराउन समस्या भएको र सिँचाइका संरचना बिग्रिँदा खेतबारीमा पानी पुऱ्याउन कठिनाइ भएको बताए।

प्रमुख जिल्ला अधिकारी तिवारीका अनुसार क्षतिग्रस्त आयोजनालाई पुनः सञ्चालनमा ल्याउन आवश्यक प्रक्रिया अघि बढाइएको छ। तर, सिफारिससँगै प्राविधिक मूल्याङ्कन, आवश्यक बजेटको व्यवस्था र निर्माण कार्यमा शीघ्रता आवश्यक देखिएको छ।

खानेपानी र सिँचाइ स्थानीय जनजीवन तथा कृषि उत्पादनसँग प्रत्यक्ष जोडिएका आधारभूत संरचना हुन्। त्यसैले क्षतिको विवरण संकलन र सिफारिसमा मात्र सीमित नभई प्राथमिकताका आधारमा मर्मत तथा पुनर्निर्माण अघि बढाउन आवश्यक छ। खानेपानीको सहज आपूर्ति र खेतबारीमा सिँचाइ सुविधा पुनःस्थापित गर्न सम्बन्धित निकायबीच प्रभावकारी समन्वय र समयमै स्रोत व्यवस्थापन महत्त्वपूर्ण हुनेछ ।

प्रदेश अस्पताल
दमौली, तनहुँ

सूचना

विषय: दशैं बिदाको समयमा औषधि पुनः भर्ना (Refill) सेवा सञ्चालन सम्बन्धी सूचना।

दशैं पर्वको अवसरमा अस्पतालको नियमित सेवा बन्द रहने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। तथापि, नियमित रूपमा औषधि सेवन गर्नुपर्ने तथा औषधि पुनः भर्ना (Refill) गर्नुपर्ने बिरामीहरूको सुविधालाई मध्यनजर गर्दै

मिति २०८३ साल कार्तिक २, ५ र ६ गते
बिहान १०:00 बजेदेखि
दिउँसो १:00 बजेसम्म
औषधि Refill सेवा सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

यसबाट पर्न जाने असुविधाप्रति अस्पताल क्षमाप्रार्थी छ।

दशैंको शुभकामना

धन्यवाद।
प्रदेश अस्पताल
दमौली, तनहुँ

तपाईको आज

मेष
आत्मविश्वास बढ्नेछ। नयाँ काम सुरू गर्ने अवसर मिल्नेछ। मिहिनेतअनुरूप परिणाम प्राप्त हुनेछ।

वृष
घरायसी जिम्मेवारी बढ्ने सम्भावना छ। आर्थिक पक्षमा उतारचढाव देखिए पनि मिहिनेतले समस्या हट्नेछ।

मिथुन
सकारात्मक सोचका साथ अघि बढ्न सकिनेछ। अध्ययन-अध्यापनमा मन जानेछ। मान-प्रतिष्ठा बढ्ने सम्भावना छ।

कर्कट
सम्झौतामूलक काममा लाभ मिल्नेछ। परिवार र नातागोता संग सम्बन्ध प्रगाढ बन्नेछ। दाम्पत्य जीवन सुखमय रहनेछ।

सिंह
नयाँ कामको थालनीमा ढिलासुस्ती हुन सक्छ। आत्मालोचन गर्नुपर्ने समय छ। धैर्य र संयम अपनाउनु उपयुक्त हुनेछ।

कन्या
सामाजिक क्षेत्र वा सहकर्मीको सहयोगले काम बन्नेछ। मन प्रशन्न हुने समाचार सुन्न सकिनेछ।

तुला
नयाँ अवसर हात पर्ने दिन छ। रोकिएका काम बन्नेछन्। आर्थिक लाभका साथै प्रतिष्ठा पनि बढ्ने सम्भावना छ।

वृश्चिक
आफ्नै कमजोरीका कारण योजना प्रभावित हुन सक्छ। नजिकका साथी वा आफन्तसँग मतभेद आउन सक्छ।

धनु
साहस र परिश्रम बढ्ने दिन छ। नयाँ योजना अघि सार्न सकिनेछ। सामाजिक कार्यमा सक्रिय भई सम्मान पाउने सम्भावना छ।

मकर
मेहनतअनुरूप लाभ प्राप्त हुनेछ। व्यापार-व्यवसायमा लाभदायक अवसर प्राप्त हुन सक्छ।

कुम्भ
दाम्पत्य जीवनमा मेलमिलाप बढ्नेछ। घुमफिरको अवसर मिल्नेछ। रोकिएका काम सम्पन्न हुने सम्भावना छ।

मीन
समय मध्यम खालको रहनेछ। स्वास्थ्यप्रति ध्यान दिनुपर्नेछ। आर्थिक क्षेत्रमा सामान्य खर्च बढ्ने सम्भावना छ।



शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरोग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

श्री कृष्णप्रसाद ढकाल — प्रमुख प्रशासकीय अधिकृत
श्री राधादेवी अधिकारी — उपाध्यक्ष
श्री होम बहादुर थापा — अध्यक्ष

घिरिङको अनुरोध

- खुल्ला रूपमा दिसापिसाव नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र साबुनपानीले मिचि मिति हात धोऔं
- झाडापखला, हैजा र डेंगीबाट बचौं । सधै पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई)मा ध्यान दिऔं । बासी सढेगलेका खानेकुरा नखाऔं
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यन पुऱ्याऔं,
- एडीस जातका लामखुट्टेको (कालो सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सने डेंगी रोगबाट बच्नः आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं । घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं । जुनसकै बेला सुत्दा झुलको प्रयोग गरौं । पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं ।
- सडकको दायाँ/बायाँ वा सडक पेटीमा निर्माण सामाग्रिहरू कदापि नराखौं । मापदण्ड मिचेर गरिने निर्माण कार्यलाई नितान्त निरूत्साहित गरौं । घर अगाडि सडक, चोक र गल्लिमा फोहोर कदापि नफालौं ।
- खाद्यन्न तथा खानेपानी वितरक सम्पूर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरूलाई सचेत रहन अनुरोध गर्दछौं।

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, पोखरीछाप, तनहुँ

शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरोग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

श्री प्रेम बहादुर खवास — प्रमुख प्रशासकीय अधिकृत
श्री पञ्च माया गुरूङ — उपाध्यक्ष
श्री सुरेन्द्र बहादुर थापा — अध्यक्ष

बन्दीपुरको अनुरोध

- सडकको दायाँ/बायाँ वा सडक पेटीमा निर्माण सामाग्रिहरू कदापि नराखौं । मापदण्ड मिचेर गरिने निर्माण कार्यलाई नितान्त निरूत्साहित गरौं । घर अगाडि सडक, चोक र गल्लिमा फोहोर कदापि नफालौं ।
- खाद्यन्न तथा खानेपानी वितरक सम्पूर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरूलाई सचेत रहन अनुरोध गर्दछौं।
- झाडापखला, हैजा र डेंगीबाट बचौं । सधै पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई)मा ध्यान दिऔं । बासी सढेगलेका खानेकुरा नखाऔं
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यन पुऱ्याऔं,
- खुल्ला रूपमा दिसापिसाव नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र साबुनपानीले मिचि मिति हात धोऔं
- एडीस जातका लामखुट्टेको (कालो सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सने डेंगी रोगबाट बच्नः आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं । घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं । जुनसकै बेला सुत्दा झुलको प्रयोग गरौं । पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं ।

बन्दीपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, बन्दीपुर, तनहुँ



शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरोग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

श्री विकास चन्द्र शर्मा — प्रमुख प्रशासकीय अधिकृत
श्री दुर्गा अर्याल — उपाध्यक्ष
श्री शुक्र चुमान — अध्यक्ष

आँवुखैरेनीको अनुरोध

डेंगु लागेका बिरामीहरूलाई डेंगुको ज्वरो कम हुने चरण सुरू भएपछि सामान्यतया २४ देखि ४८ घण्टा जोखिमयुक्त चरण सुरू हुन्छ । धेरैजसो रोगीहरूलाई यस चरणमा डेंगुका लक्षणहरूमा केही सुधार हुन्छ । तर उल्लेखनीय मात्रामा प्लाज्मा चुहावट हुने भएकाले केही घण्टा भित्रै अति गम्भीर डेंगुको विकास हुन सक्दछ । तर्सथ तल उल्लेखित लक्षणहरू देखिएमा तुरूनत स्वास्थ्य संस्था जानुहुन सबैमा अनुरोध गर्दछौं ।

अति गम्भीर डेंगुका लक्षणहरू :

- गम्भिर पेट दुखाई
- लगातार वान्ता हुने
- श्वास छिटो-छिटो फेर्ने
- गिजा वा नाकबाट रगत बग्नु
- बान्ता वा दिशामा रगत देखिनु
- दिशामा कालो जानु
- बेचैनी/थकान हुनु/कमजोर महशुस हुँदै जानु

आँवुखैरेनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, आँवुखैरेनी, तनहुँ

शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरोग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

श्री अमृत सिग्देल — प्रमुख प्रशासकीय अधिकृत
श्री उमा गोतामे — नगर उपप्रमुख
श्री आनन्दराज त्रिपाठी — नगर प्रमुख

भानुको अनुरोध

- झाडापखला, हैजा र डेंगीबाट बचौं । सधै पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई)मा ध्यान दिऔं । बासी सढेगलेका खानेकुरा नखाऔं
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यन पुऱ्याऔं,
- खुल्ला रूपमा दिसापिसाव नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र साबुनपानीले मिचि मिति हात धोऔं
- एडीस जातका लामखुट्टेको (कालो सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सने डेंगी रोगबाट बच्नः आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं । घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं । जुनसकै बेला सुत्दा झुलको प्रयोग गरौं । पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं ।
- सडकको दायाँ/बायाँ वा सडक पेटीमा निर्माण सामाग्रिहरू कदापि नराखौं । मापदण्ड मिचेर गरिने निर्माण कार्यलाई नितान्त निरूत्साहित गरौं । घर अगाडि सडक, चोक र गल्लिमा फोहोर कदापि नफालौं ।
- खाद्यन्न तथा खानेपानी वितरक सम्पूर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरूलाई सचेत रहन अनुरोध गर्दछौं।

भानु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, फुस्रेटार, तनहुँ



शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरोग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

श्री प्रधुम्न कुमार खड्का — प्रमुख प्रशासकीय अधिकृत
श्री भुवन सिं गुरूङ — उपाध्यक्ष
श्री तिल बहादुर थापा — अध्यक्ष

देवघाटको अनुरोध

- झाडापखला, हैजा र डेंगीबाट बचौं । सधै पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई)मा ध्यान दिऔं । बासी सढेगलेका खानेकुरा नखाऔं
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यन पुऱ्याऔं,
- खुल्ला रूपमा दिसापिसाव नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र साबुनपानीले मिचि मिति हात धोऔं
- एडीस जातका लामखुट्टेको (कालो सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सने डेंगी रोगबाट बच्नः आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं । घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं । जुनसकै बेला सुत्दा झुलको प्रयोग गरौं । पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं ।
- सडकको दायाँ/बायाँ वा सडक पेटीमा निर्माण सामाग्रिहरू कदापि नराखौं । मापदण्ड मिचेर गरिने निर्माण कार्यलाई नितान्त निरूत्साहित गरौं । घर अगाडि सडक, चोक र गल्लिमा फोहोर कदापि नफालौं ।
- खाद्यन्न तथा खानेपानी वितरक सम्पूर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरूलाई सचेत रहन अनुरोध गर्दछौं।

देवघाट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, देवघाट, तनहुँ

शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरोग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

श्री सुकदेव लम्साल — प्रमुख प्रशासकीय अधिकृत
श्री इन्दिरा दरै — नगर उपप्रमुख
श्री वैकुण्ठ न्यौपाने — नगर प्रमुख

डेंगी रोगबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू व्यास नगरपालिका क्षेत्रमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ :

- पुरा बाहुला भएका लुगा लगाउने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूलदानी, कुलर आदिको पानी कम्तिमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिंदा वा पार्कमा जाँदा/बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने ।

व्यास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, दमौली, तनहुँ

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



दशैंका लागि नयाँ लुगा : तनहुँको दमौलीस्थित एक फेन्सी स्टोर्समा दशैं पर्वका लागि नयाँ कपडा खरिद बिक्री गरिदै । बाढीपहिरोका कारण कपडा आयत नहुँदा महङ्गी उच्च रहेको उपभोक्ताले बताएका छन् । *तस्विर : भञ्ज्याङ*

facebook twitter



Surya Raj Acharya
x.com/SuryaRAcharya

औपचारिक शिक्षाले डिग्रीका अतिरिक्त जीवनोपयोगी सीप पनि दिन सक्नुपर्छ । तर यहाँ सीपको अर्थ व्यावसायिक तालिमबाट सिकिने विद्युत्, प्लम्बिङ वा मोबाइल मर्मतजस्ता सीप होइन । विश्वविद्यालयको पढाइले विद्यार्थीमा सम्बन्धित विषयको गहिरो बुझाइसँगै प्राज्ञिक तथा बौद्धिक सीप विकास गर्न सक्नुपर्छ । अनि मात्र शिक्षित व्यक्तिले आफूले पढेका कुरालाई समाज र आ ँनो पेसामा देखिने समस्या समाधानमा उपयोग गर्न सक्छन् । परीक्षाका प्रश्नपत्रको उत्तर दिन मात्र पढाइने शिक्षाले यस्ता सीप विकास गर्दैन।

तनहुँ जलविद्युत् आयोजना .....

८३ प्रतिशत पुगेको छ। भारतीय कम्पनी केइसी इन्टरनेशनल लिमिटेडले निर्माण गरिरहेको करिब ३५ किलोमिटर लामो प्रसारण लाइनका ९४ टावरमध्ये ८३ वटाको जग निर्माण र ८१ वटा टावर जडान सम्पन्न भएका छन्। तनहुँ खण्डका सामुदायिक वनमा रूख कटान तथा छपानको काम पनि अन्तिम चरणमा पुगेको आयोजनाले जनाएको छ।

कुल ५० करोड ५० लाख अमेरिकी डलर लागत अनुमान गरिएको आयोजनामा नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरण, एसियाली विकास बैंक, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र युरोपेली लगानी बैंकको संयुक्त लगानी छ।

आयोजना सम्पन्न भएपछि पहिलो १० वर्षसम्म वार्षिक औसत ५८ करोड ७७ लाख युनिट विद्युत् उत्पादन हुने अनुमान छ। मुख्य संरचनाको निर्माण अन्तिम चरणतर्फ अघि बढे पनि निर्धारित समयमै आयोजना सम्पन्न गर्न बाँकी निर्माण, उपकरण जडान र प्रसारण लाइनको काम प्रभावकारी रूपमा पूरा गर्नु महत्त्वपूर्ण हुनेछ।

बडा दशैंको शुभकामना HAPPY DASHAIN

शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरोग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

श्री जगत प्रसाद भुसाल — प्रमुख प्रशासकीय अधिकृत
श्री खुम बहादुर वि.क. (राजु) — नगर उपप्रमुख
श्री कृष्णराज पण्डित — नगर प्रमुख

शुक्लागण्डकीको अनुरोध

- झाडापखला, हैजा र डेंगीबाट बचौं । सधै पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई)मा ध्यान दिऔं । बासी सढेगलेका खानेकुरा नखाऔं
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यन पुऱ्याऔं,
- खुल्ला रूपमा दिसापिसाव नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र साबुनपानीले मिचि मिति हात धोऔं
- सडकको दायाँ/बायाँ वा सडक पेटीमा निर्माण सामाग्रिहरू कदापि नराखौं । मापदण्ड मिचेर गरिने निर्माण कार्यलाई नितान्त निरूत्साहित गरौं । घर अगाडि सडक, चोक र गल्लिमा फोहोर कदापि नफालौं ।
- खाद्यन्न तथा खानेपानी वितरक सम्पूर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरूलाई सचेत रहन अनुरोध गर्दछौं।

शुक्लागण्डकी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, दुलेगौंडा, तनहुँ

www.bhanjyangnews.com

बडा दशैंको शुभकामना HAPPY DASHAIN

शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरोग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

श्री विकाश परियार — प्रमुख प्रशासकीय अधिकृत
श्री बालकृष्ण घिमिरे — उपाध्यक्ष
श्री श्रीप्रसाद श्रेष्ठ — अध्यक्ष

म्याग्देको अनुरोध

डेंगु लागेका बिरामीहरूलाई डेंगुको ज्वरो कम हुने चरण सुरू भएपछि सामान्यतया २४ देखि ४८ घण्टा जोखिमयुक्त चरण सुरू हुन्छ । धेरैजसो रोगीहरूलाई यस चरणमा डेंगुका लक्षणहरूमा केही सुधार हुन्छ । तर उल्लेखनीय मात्रामा प्लाज्मा चुहावट हुने भएकाले केही घण्टा भित्रै अति गम्भीर डेंगुको विकास हुन सक्दछ । तर्सथ तल उल्लेखित लक्षणहरू देखिएमा तुरूनत स्वास्थ्य संस्था जानुहुन सबैमा अनुरोध गर्दछौं ।

अति गम्भीर डेंगुका लक्षणहरू :

- गम्भिर पेट दुखाई
- लगातार वान्ता हुने
- श्वास छिटो-छिटो फेर्ने
- गिजा वा नाकबाट रगत बग्नु
- बान्ता वा दिशामा रगत देखिनु
- दिशामा कालो जानु
- बेचैनी/थकान हुनु/कमजोर महशुस हुँदै जानु

म्याग्दे गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, छाङ्ग, तनहुँ

बडा दशैंको शुभकामना HAPPY DASHAIN

शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरोग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

श्री शोभाखर पोखरेल — प्रमुख प्रशासकीय अधिकृत
श्री शारदा खनाल — नगर उपप्रमुख
श्री दधिराज सुवेदी — नगर प्रमुख

भिमादको अनुरोध

- झाडापखला, हैजा र डेंगीबाट बचौं । सधै पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई)मा ध्यान दिऔं । बासी सढेगलेका खानेकुरा नखाऔं
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यन पुऱ्याऔं,
- खुल्ला रूपमा दिसापिसाव नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र साबुनपानीले मिचि मिति हात धोऔं
- सडकको दायाँ/बायाँ वा सडक पेटीमा निर्माण सामाग्रिहरू कदापि नराखौं । मापदण्ड मिचेर गरिने निर्माण कार्यलाई नितान्त निरूत्साहित गरौं । घर अगाडि सडक, चोक र गल्लिमा फोहोर कदापि नफालौं ।
- खाद्यन्न तथा खानेपानी वितरक सम्पूर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरूलाई सचेत रहन अनुरोध गर्दछौं।

भिमाद नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, भिमाद, तनहुँ

बडा दशैंको शुभकामना HAPPY DASHAIN

शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरोग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

श्री अनिल अंगाई — प्रमुख प्रशासकीय अधिकृत
श्री गिनु माया थापा — उपाध्यक्ष
श्री राजेन्द्र कृष्ण श्रेष्ठ — अध्यक्ष

ऋषिङको अनुरोध

- झाडापखला, हैजा र डेंगीबाट बचौं । सधै पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई)मा ध्यान दिऔं । बासी सढेगलेका खानेकुरा नखाऔं
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यन पुऱ्याऔं,
- खुल्ला रूपमा दिसापिसाव नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र साबुनपानीले मिचि मिति हात धोऔं
- सडकको दायाँ/बायाँ वा सडक पेटीमा निर्माण सामाग्रिहरू कदापि नराखौं । मापदण्ड मिचेर गरिने निर्माण कार्यलाई नितान्त निरूत्साहित गरौं । घर अगाडि सडक, चोक र गल्लिमा फोहोर कदापि नफालौं ।
- खाद्यन्न तथा खानेपानी वितरक सम्पूर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरूलाई सचेत रहन अनुरोध गर्दछौं।

ऋषिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, ऋषिङ, तनहुँ

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४